स्थानः बैठक कक्ष

समयः दिनको २.०० बजे

आज मिति २०८२/०२/३१ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या १५

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

**बैठकका प्रस्तावहरू**

१. गत आ.वको सङ्घीय समपूरक र विशेष अनुदानको रकम सम्बन्धमा,

२. बालमैत्री स्थानीय शासन नगर समितिको सदस्य र स्थानीय होमस्टे समन्वय समितिको सदस्य मनोनयन सम्बन्धमा,

३. चालु आ.वको हालसम्मको प्रगति सम्बन्धमा,

४. कार्यपालिकाको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा,

५. नगर शिक्षा योजना स्वीकृती सम्बन्धमा,

६. आन्तरीक लेखापरीक्षण सम्बन्धमा,

७. रेडियो अभ्यास (अभ्यास मिडिया प्रा.लि) नवीकरण सम्बन्धमा।

निर्णयहरुः

१५.१. गत आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय योजना आयोगबाट स्वीकृत सङ्घीय समपूरक र विशेष अनुदानबाट सञ्चालित देहायका योजनाहरुको कार्य सम्पन्न भइ भुक्तानी बाँकी रकमका सम्बन्धमा व्यापक छलफल गरियो । सो सम्बन्धमा उल्लिखित योजनाहरुको भुक्तानी गर्न बाँकी रकम निकासाको लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन श्री राष्ट्रिय योजना आयोग र सङ्घीय अर्थमा पुनःअनुरोध गर्ने ।

विशेष अनुदान तर्फका योजना

| सि.नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | खुद भएको कार्यको मूल्याङ्कन रकम | आ.व २०८०/८१ सम्मको भुक्तानी रकम | मलेप २२१ बमोजिम भुक्तानी हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री भगवती आधारभुत विद्यालय भवन निर्माण | के.सी प्रतिक्षा सृजना निर्माण जे.भी | ३,०९,१४,६३८। | २,९४,३७,२७। | २,३०,५४,८८३। | ६३,८२,३१। | |
| २. | स्वास्थ्य चौकी भवन निर्माण ( ७ ८ र ११ ) | प्रतिभा /खनाल ब्रदर्श / सम्झना जे.भी | ५,७६,३९,६०४। | ५,४७,४३,१८०। | २,७२,४१,९१०। | २,७५,०१,२७० । | |

सङ्घीय समपूरक अनुदानको योजना

| सि.नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | खुद भएको कार्यको मूल्याङ्कन रकम | आ.व २०८०/८१ सम्मको भुक्तानी रकम | आ.व २०८०/८१ सम्म सङ्घीय सरकारको भुक्तानी रकम | मलेप २२१ बमोजिम भुक्तानी हुन बाँकी रकम | सङ्घीय सरकार म्याचिङ्ग बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री ढोरपाटन बेहोरे कुर पल्लावारी दुवार गच्छे सडक स्तरोन्नती | पि.टि.आर अधिकारी .पौडेल श्रीकृष्ण जे.भी | ७,७६,८१,८०२ | ७,०८,३०,३३४ | ४,४२,८४,९६१ | २,७६,४६,११६ | २,६५,४५,३७२ | ७५,६९,०५१ |

१५.२. सन्धिखर्क नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७ दफा ६ को उपदफा (१) मा रहेको व्यवस्था बमोजिम बालमैत्री स्थानीय नगर समन्वय समितिमा

कार्यसञ्चालन कोष) को आन्तरिक लेखापरीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँचीमा लेखी पठाउने।

१५.७. रेडियो अभ्यास (अभ्यास मिडिया प्रा.लि) को नवीकरण गरिदिने विषयक निवेदन बैठकमा पेस भयो। सो सम्बन्धमा सन्धिखर्क नगरपालिकाको एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (२) को खण्ड ४ बमोजिम हुने गरी उक्त रेडियो नवीकरण गर्ने र नगरपालिकाको आर्थिक ऐन, २०८१ मा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने रेडियो दर्ता तथा नवीकरण गर्ने राजस्व उल्लेख भएको नदेखिएकोले सोही आर्थिक ऐन, २०८१ को दफा २० उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम शुल्क निर्धारण गर्ने।

देहायः

१. नयाँ रेडियो दर्ता शुल्क रु ३०००/-

२. नवीकरण शुल्क रु १०००/-

३. विलम्ब शुल्क थप १० प्रतिशत ।

१५.८ शोक प्रस्तावःसन्धिखर्क नगरपालिका वडा नं १० स्थायी घर भइ हाल सन्धिखर्क नगरपालिका वडा नं १ निवासी यस नगरपालिकाका नगर उपप्रमुखज्यूका पति तत्कालिन अर्घा गाउँविकास समितिका उपाध्यक्ष समाजसेवी व्यक्तित्व नन्द बहादुर आचार्यको यही मिति २०८२ साल जेष्ठ २५ गतेका दिन उपचारको क्रममा प्रादेशिक अस्पताल बुटवलमा भएको असामयिक निधनले सन्धिखर्क नगरपालिका स्तब्ध भएको छ। समाजमा उहाँले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै शोकको यस घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै बैकुण्ठबास होस भनी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल उपप्रमुखज्यू, वहाँका छोरा, छोरी, बुहारी, नाती, नातिनी, दाजु, भाइ, दिदी, बहिनी लगायत समग्र आचार्य परिवारमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भनी हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने ।

CamScanner